मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : २१६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ असार ९ गते बिहीवार (Thursday, June 23. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## कल बाइपास सञ्चालन गरेको अभियोगमा पक्राउ

**काठमाडौं, असार ८।** पर्सा वीरगञ्ज महानगरपालिका-२ बाट कल बाइपास (भिओआईपी) सञ्चालन गरेको अभियोगमा भारत उत्तर प्रदेश जौनपुर थाना बादशाहपुर ग्राम टेलाकुवा ठेगाना भएका ३८ वर्षीय इरफान सुफियान खानलाई प्रहरीले पक्राउ गरेको छ।

खानले वीरगञ्जस्थित भाडाको घरमा इलेक्ट्रोनिक मेसिनहरू जडान गरी गैरकानूनी ढंगबाट राजश्व चुहावट गर्दै कल वाइपास सेन्टर

(बाँकी अन्तिम पृष्ठमा)

# बिर्तामोडका व्यवसायी विद्युत् मिटर माग्दै तीन दिनदेखि सडकमा

**सुरेन्द्र भण्डारी**

**झापा, असार ८।** बिर्तामोडस्थित बुधवारे हाटमा रहेका व्यवसायीलाई विद्युत् मिटर उपलब्ध गराउनुपर्ने माग राख्दै बिर्तामोडका व्यवसायी तीन दिनदेखि चरणवद्ध आन्दोलनमा छन्।

आन्दोलनका क्रममा वुधवार बिर्तामोड नगरपालिका घेराउका लागि पुगेका व्यवसायीलाई प्रहरीले पक्राउ गऱ्यो। बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटी, वरिष्ठ उपाध्यक्ष राजु न्यौपाने, सहकोषाध्यक्ष राधिका चुडाल हुमागाईसहित ११ जना व्यवसायीलाई इलाका प्रहरी कार्यालय अनारमनीले नियन्त्रणमा लिएको थियो।

शान्तिपूर्ण आन्दोलनमा सहभागी मध्ये प्रहरीले बिर्तामोड नगरपालिकामा हुनसक्ने सम्भावित दुर्घटनालाई रोक्न व्यवसायीहरु सन्तोष उप्रेती, कल्पना पुरी न्यौपाने, संगीता न्यौपाने, कल्पना खरेल निरौला, नरबहादुर बिक, एकता कडरिया बिष्ट, तुलसा तामाङ र निरु अधिकारीलाई समेत नियन्त्रणमा लियो।

विद्युत् मिटर उपलब्ध गराउनुपर्ने माग गर्दै सोमबारदेखि बिर्तामोडका व्यवसायी नगरपालिका केन्द्रीत छन्। आन्दोलनमा रहेका व्यवसायी मंगलवार व्यवसाय बन्द गर्दै सडकमा उत्रिए। बुधवार समेत नगरपालिका घेराउका लागि पुगेका व्यवसायीलाई प्रहरीले नियन्त्रणमा लिएको हो। पक्राउ परेका सबैलाई वुधवार साँझ सर्वपक्षीय वार्ताबाट छाडिएको प्रहरीले जनाएको छ।

**तीन दिनभित्र विद्युत् मिटरको प्रबन्ध गर्ने समझदारी**

प्रमुख जिल्ला अधिकारी छविराज रिजाल, नेपाली कांग्रेसका सभापति देउकुमार थेवे, नेकपा एमालेका अध्यक्ष दीपक कार्की, उद्योग वाणिज्य संघ प्रदेश १का



अध्यक्ष टीकाराज ढकाल, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटी लगायतको सर्वपक्षीय बैठकबाट देवी हाट बुधवारेका व्यवसायीलाई तीन दिनभित्र विद्युत् मिटर जडानको प्रबन्ध मिलाउने समझदारी भएको छ।

समझदारीसँगै पक्राउ परेका बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष शिवाकोटीसहित ११ जना नै विना शर्त रिहाई भएको बताइएको छ। सर्वपक्षीय बैठकमा सपिङ कम्प्लेक्स बनेको अवस्थामा त्यहाँका व्यापारीलाई व्यवसाय गर्न पहिलो प्राथमिकता दिने समझदारी भएको छ भने प्रशासन, राजनीतिक दल र वाणिज्य संघका प्रतिनिधिहरुबीच भएको समझदारी अनुसार व्यापारीलाई बिजुलीको मिटर जडान नभए आन्दोलनलाई अझ सशक्त बनाउने बिर्तामोड उद्योग वाणिज्य संघले विज्ञप्ति जारी गर्दै जनाएको छ।

समझदारीसँगै शान्तिपूर्ण आन्दोलन निरन्तर जारी रहने शिवाकोटीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। विहीवार बिहान १० बजे नगरपालिका पुगेर व्यापारी व्यवसायी र वाणिज्य संघका प्रतिनिधिले शान्तिपूर्ण बिरोध र धर्नाका कार्यक्रम सञ्चालन गर्ने जनाइएको छ। बुधवारे हाट बिर्तामोड नगरपालिका-५मा रहेको छ।

**के हो समस्याको जड ?**

झोडा निवासी मैतबीर लिम्बू, कुवेरजंग कन्दङ्वा, मेदनी कन्दङ्वा लगायतले बुट्टावारीमा हाट बजार लगाउन पहल गरिदिन आग्रहसहित हर्कलाल गिरीसमक्ष प्रस्ताव गरेपछि गिरीको पहलमा बिर्तामोडमा वुधवारे हाट लाग्न शुरु भएको बताइन्छ। जसका लागि बिर्तामोड निवासी रामवावु प्रसाईले एक विगाह तीन कट्ठा जमिन

(बाँकी अन्तिम पृष्ठमा)

## दमकल कर्मचारीद्वारा सुरक्षा उपकरण माग




**उमानाथ भण्डारी**

**कमल, असार ८।** प्रदेश नं. १का दमकल चालक तथा अग्नि नियन्त्रकहरूले सुरक्षा उपकरण, आधुनिक तालिम, सम्मानजनक पारिश्रमिक, तह अनुसारको दर्ज्यानी चिन्ह अङ्कित पोशाकलगायतको व्यवस्था गर्न ११ बुँदे माग पेश गरेका छन्।

आगो नियन्त्रणमा खटिनुपर्ने जस्तो जोखिमपूर्ण जिम्मेवारी भएका अग्नि नियन्त्रक तथा दमकल चालकको समस्याबारे स्थानीय पालिका उदासिन भएपछि प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई ज्ञापन-पत्र दिँदै समन्वयकारी भूमिका निर्वाह गरिदिन आग्रह गरिएको कमल गाउँपालिकाका दमकल चालक मदन निरौलाले बताए।

प्रदेश नं १का १३ दमकल कर्मचारीले आन्तरिक मामिला तथा कानून मन्त्रालय समक्ष माग पेश गरेको उल्लेख गर्दै उनले नगरपालिका र गाउँपालिका अन्तर्गत कार्यरत दमकल कर्मचारीले सुरक्षाको भरपर्दो व्यवस्था र सम्मानजनक वेतन नहुँदानहुँदै पनि विपद् जोखिम न्यूनीकरणको काममा खटिनुपरेको बताए।

प्रदेश मन्त्रालयमा पेश गरिएको ज्ञापन-पत्रमा समयानुकूल नियमित तालिम, जीवन बीमा, व्यक्तिगत सुरक्षा उपकरण, सम्मानजनक पारिश्रमिक,

(बाँकी अन्तिम पृष्ठमा)

## फार्मेसी सञ्चालकसहित चार जना नियन्त्रणमा

**चिकित्सकको प्रेस्क्रिप्सन बिना औषधि बेचबिखन**



**काठमाडौं, असार ८।** लागूऔषध दुर्व्यसनमा परेका ब्यक्तिहरुलाई चिकित्सकको प्रेस्क्रिप्सन बिना औषधि बेचबिखन गर्ने फार्मेसी सञ्चालकसहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा धादिङ गंगाजमुना गाउँपालिका-५ घर भई हाल काठमाडौं तारकेश्वर नगरपालिका-५ लोलाङस्थित गंगाजमुना फार्मेसी सञ्चालन गरी बस्ने ४२ वर्षीय डिलबहादुर कार्की रहेका छन्।

त्यस्तै नुवाकोट ककनी गाउँपालिका-१ स्थायी वतन भएका २२ वर्षीय राजकुमार तामाङ, २२ वर्षीय सानु तामाङ र काठमाडौं तारकेश्वर नगरपालिका-५ गोलढुङ्गा बस्ने २४ वर्षीय सञ्जय पुतुवार रहेका छन्।

गंगाजमुना फार्मेसीमा बिना इजाजत अवैध रूपमा औषधिहरु वेचबिखन गर्ने गरेको भन्ने सूचनाको आधारमा प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले अनुसन्धानको क्रममा संलग्नता देखिएपछि उनीहरूलाई पक्राउ गरेको हो।

साथै फार्मेसीबाट स्पास्पेन ४ सय ५० ट्याब्लेट, ट्रमा २ सय ४० ट्याब्लेट र ट्रमाडोल ५ सय क्याप्सुल प्रहरीले बरामद गरेको छ। उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीको लागि औषधि व्यवस्था विभाग बिजुलीबजार काठमाडौंमा पठाइएको छ।

# जग्गा धितो राखेर ऋण लिने बाटो खुल्यो

**काठमाडौं, असार ८।** सर्वोच्च अदालतको आदेशसँगै अब घर जग्गा धितो राखेर बैंकबाट ऋण लिने बाटो खुलेको छ।

घरजग्गा धितो राखेर कर्जा नदिने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेसँगै सेवाग्राहीले ऋण पाउने बाटो खुलेको हो।

जग्गा धितो राखेर ऋण लिन बन्द गर्ने निर्णयबिरुद्ध विष्णुबहादुर सुनुवारद्वारा दायर रिटमा सुनुवाई गर्दै न्यायाधीश ईश्वर खतिवडाको एकल इजलासले 'भूउपयोग नियमावलीलाई आधार देखाएर बैंकका कर्जा प्रवाह रोक्ने कार्यले नागरिकको मौलिक हकमा अनुचित असर पर्ने भएकाले निर्णय कार्यान्वयन नगर्न' सोमबार आदेश जारी गरेको हो। सर्वोच्चले 'सरकारबाट जग्गा वर्गीकरण तत्काल नहुने भएकाले लामो समयसम्म ऋण समेत लिन नपाउने अवस्था हुनु नहुने' उल्लेख गरेको छ।

कृषि र गैरकृषि क्षेत्रका रूपमा वर्गीकरण नगरिएका जग्गा मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि ग्राहकले जग्गा धितोमा ऋण लिन नपाउने भएका थिए। तर, सर्वोच्चले यो निर्णय कार्यान्वयनमा रोक लगाएपछि अब खुला भएको छ। यसअघि, कृषि र गैरकृषि क्षेत्रका रूपमा वर्गीकरण नगरिएका जग्गा मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि ग्राहकले धितोमा ऋण लिन नपाउने भएका थिए।

'जग्गा वर्गीकरण नभए अनिश्चितकालसम्म जग्गा जमिन धितो बन्धकी राख्न नपाउने व्यवस्था गर्दा नागरिकको मौलिक हकसँग सम्बन्धित कतिपय कुरामा अनुचित असर पर्न जाने भएकाले प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागेसम्म २७ जेठ २०७९ सालको उक्त पत्रको प्रकरण (७) को तत्काल कार्यान्वयन नगर्नू नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०७४को नियम ४९ (२) (क) बमोजिम प्रत्यर्थीको नाउँमा अन्तरिम आदेश जारी गरिएको छ'- सर्वोच्चको आदेशमा भनिएको छ।

भूउपयोग नियमावली जारीपछि मन्त्रालयले 'कृषि र गैरकृषि क्षेत्रमा जग्गा विभाजन गरेपछि मात्रै रोक्का राख्न' मातपोत कार्यालयलाई निर्देशन दिएको थियो। निर्देशनपछि धितो रोक्काका लागि मालपोत कार्यालय पुगेका

(बाँकी अन्तिम पृष्ठमा)

## दुई करोड ३२ लाख नतिर्ने घिमिरे पक्राउ

**झापा, असार ८।** बैंकिङ कसुर गरी फरार रहेका एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा खोटाङको हलेसी नगरपालिका-६ घर भई हाल भक्तपुरको सूर्यविनायक नगरपालिका-५ कटुञ्जे बस्ने ३५ वर्षीय उपेन्द्र घिमिरे रहेका छन्।

महानगरीय प्रहरी बृत्त जगातीको टोलीले मङ्गलबार घिमिरेलाई पक्राउ गरेको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक राजु पाण्डेले

(बाँकी अन्तिम पृष्ठमा)

## हात्ती धपाउन जाँदा सर्पदंशबाट मृत्यु

**झापा, असार ८।** विषालु सर्पले डस्दा झापाको बुद्धशान्ति गाउँपालिका-५ खारखोलामा एक किशोरको मृत्यु भएको छ।

हात्ती धपाउन निस्केका १५ वर्षीय अजित तामाङको सर्पदंशबाट मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। सर्पदंशबाट सिकिस्त तामाङको उपचारका क्रममा चारआलीस्थित सर्पदंश उपचार केन्द्रमा मृत्यु भएको बताइएको छ।

# बिर्तामोडका महिला नौमती बाजा बजाउँदै उर्लाबारीमा

**उर्लाबारी, असार ८।** उर्लाबारी बजारमा मध्यदिनको १२ बजे केही चहलपहल थियो। चोकैमा रहेको सगरमाथा सहकारीको प्राङ्गणमा एउटा विवाह कार्यक्रम थियो।

बिर्तामोडबाट आएको जन्तीका अगाडि बजेको नौमती बाजाले सबैको ध्यान खिच्यो। त्यतातिर नजर लगाउँदा त, सबै जना छक्क परे। ढाकाको साडी, ढाकाकै चोलो, तिलहरी, शिरमा शिरफूल, कम्मरमा पहेँलो पटुकीलगाएका महिलाहरु नौमती बाजा बजाउँदै अगाडि बढ्दा फोटो र भिडियो खिच्नेको भीड नै लाग्यो। बृद्धादेखि युवा उमेरसम्मका महिलाहरु हातमा नर्सिङ्गा, सहनाई, दमाहा, ट्याम्को र झ्याली लिएर नौमती बाजा बजाउँदै नाच्दै अघि बढ्दा त्यहाँको रौनक नै बदलियो।



कुनै जाति विशेष र पुरुषले मात्र बाजा बजाउनुपर्छ भन्ने पुरानो मान्यतालाई तोड्दै विर्तामोड-१का यी महिलाहरुले समूह बनाएर नौमती बाजा बजाउन थालेको एक वर्ष भएको छ। शुरुमा बाजा बजाउँदै विभिन्न ठाउँमा पुग्न सहज थिएन तर चुनौतिलाई पार गर्दै अहिले उनीहरु निर्धक्क बाजा बजाउन थालेका छन्। १५ जना महिला मिलेर उनीहरुले देवी पञ्चकन्या नौमती बाजा समूह गठन गरेका छन्। समूहकी अध्यक्ष दिलकुमारी थपलियाको अगुवाईमा शुरुमा उनीहरुले तीन महिना बाजा बजाउने तालिम लिए।

'नौमती बाजा, नेपाली पहिचान, नेपाली पहिरन लोप हुँदै गएको छ'- अध्यक्ष थपलियाले भनिन्- 'यो पहिचानलाई जोगाउनु पर्छ, लोप हुन दिनुहुँदैन भनेर हामी अघि सरेको हौं।' शुरुमा छरछिमेकी र आफन्तबाट धेरै टीकाटिप्पणी खेपेका उनीहरु अहिले भने विवाह, व्रतबन्धलगायत शुभकार्यमा बाजा बजाउनकै लागि विभिन्न स्थानमा पुग्ने गरेका छन्, हौसला पाएका छन्।

(बाँकी अन्तिम पृष्ठमा)

## किशोरीलाई बन्धक बनाइ करणी गरेपछि...

**काठमाडौं, असार ८।** अपहरण, शरीर बन्धक, जबरजस्ती करणी एवम् मानव वेचबिखन तथा ओसारपसार मुद्दामा संलग्न रही फरार रहेका बारा कलैया उपमहानगरपालिका-७ बरेवा टोल बस्ने १९ वर्षीय इर्साद अन्सारीलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ।

अन्सारी समेत ३ जनाले २०७७ फागुन ५ गते बेलुकी १६ वर्षीया किशोरीलाई

(बाँकी अन्तिम पृष्ठमा)

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**

**दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।**

***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।***

**आँप-कटहर महोत्सव सम्वन्धि सूचना**

झापाको विर्तामोड नगरपालिका-२ स्थित श्रीजय ड्रिमलेण्ड पार्क मातहतको फलफूल वगैंचामा यही मिति २०७९ साल असार ११ गते शनिवार विहान ११ वजे जिल्ला कृषि ज्ञान केन्द्र झापाका प्रमुख **श्री समिर विष्ट**को प्रमुख आतिथ्यमा आँप-कटहर महोत्सवको उद्घाटन गरिने कार्यक्रम रहेको हुँदा सो अवसरमा उपस्थित भई दिनुहुन सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ।

**महोत्सवका विशेषताहरु :**

- प्रवेश शुल्क रु. १०० तिरी वगैंचामा प्रवेश गरेर आफैं टिपी वा टिपाएर स्वाद अनुसारको आाप र कटहर निःशुल्क मन चाहे खान पाइने।
- निश्चित मूल्य तिरी खरिद गरेर घरमा समेत लैजान पाइने।
- २०७९ साल असार ११ गते शनिवार विहान ८ वजेदेखि अपरान्ह ५ वजेसम्म एक हप्ताको लागि महोत्सव सञ्चालन गरिनेछ।

**सम्पर्क नं. ९८५२६७२८९८**

**आयोजक : श्रीजय ड्रिमलेण्ड पार्क**

**विर्तामोड २, झापा**

**खुल्यो !!! खुल्यो !! खुल्यो !**

**पाथीभरा धर्मकाँटा**

विश्वसनीय तौलको लागि विश्वको सर्वोत्कृष्ट कम्पनी एभरी धर्मकाटाको मेसिन जडित पाथीभरा धर्मकाँटा सञ्चालन शुरु भएको छ। तौलको लागि सम्पर्क गर्नुहोला।

**पाथीभरा धर्मकाँटा**

**नवीन ट्रेड पेट्रोल पम्पसँगै, बुट्टाबारी चौक, झापा**

**मोवाइलः ९८४२७५५५०४**

**महिला विशेषज्ञ डाक्टरको सेवा**

**काठमाडौंबाट आउनुहुने वरिष्ट स्त्री तथा बाँझोपन डाक्टर अब बिर्तामोडमा**

**डा. नेहा हुमागाँई मैनाली**

**वरिष्ठ स्त्री तथा बाँझोपना विशेषज्ञ**

**यसपटक यही असार ११ गते शनिबार आउँदै हुनुहुन्छ।**

- पाठेघरको संक्रमण
- बारम्बार बच्चा खेर जाने समस्या
- महिनावारी गडबड [redacted]
- ल्याप्रोस्कोपीक सर्जन [redacted]
- बाँझोपनाको समस्या [redacted]

**सम्पर्क : ठा** [redacted]

**पश्चिम** [redacted]

**फोन नं. :-** [redacted]

# कनकाईका दलित बिद्यार्थीलाई छात्रवृत्ति



**सुरुङ्गा, असार ८।** नेपाल दलित उत्थान सञ्जाल कनकाईले १८ जना दलित गरीब तथा जेहेन्दार विद्यार्थीलाई बुधवार छात्रवृत्ति प्रदान गरेको छ।

सञ्जालले आफ्नो अक्षयकोषबाट प्राप्त व्याजबाट कनकाई नगरपालिकाका माध्यमिक तहमा अध्ययनरत् १८ जना बिद्यार्थीलाई जनही ५ हजारका दरले छात्रवृत्ति प्रदान गरेको सञ्जालका उपाध्यक्ष दलबहादुर विश्वकर्माले जानकारी दिए।

कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले उक्त छात्रवृत्ति रकम प्रदान गरेका थिए। सोही अवसरमा सञ्जालले कनकाई नगरपालिकाबाट निर्वाचित दलित महिला सदस्य र नगरप्रमुख, उपप्रमुखलाई समेत सम्मान गरेको थियो। केही बर्ष पहिले कनकाई नगरपालिकाले नेपाल दलित उत्थान सञ्जाललाई अक्षयकोषका लागि ५ लाख रुपैयाँ र तत्कालीन संविधानसभा सदस्य प्रेमबहादुर गिरीले थप एक लाख रुपैयाँ समेत प्रदान गरेका थिए। उक्त अक्षयकोषको व्याजबाट सञ्जालले कनकाईका ९ वटै वार्डबाट प्रत्येक वार्डबाट २ जनाको दरले १८ जनालाई छात्रवृत्ति रकम प्रदान गर्दै आएको छ।

छात्रवृत्ति प्रदान कार्यक्रममा बोल्दै प्रमुख अतिथि कनकाई नगरपालिकाका प्रमुख पोखरेलले दलित बिद्यार्थीका लागि हरेक बर्ष नगरले शिक्षामा बजेट बिनियोजन गर्ने र दलित विद्यार्थीलाई प्राविधिक शिक्षामा समेत अभिप्रेरित गर्दै लैजाने प्रतिवद्धता जनाए।

कार्यक्रममा कनकाई नगरपालिकाका कार्यपालिका सदस्य सावित्रा बर्देवा, विद्यार्थी सुजन वयलकोटी, सल्लाहकार भक्त घतानी, दलित युवा सञ्जाल कनकाईका अध्यक्ष कैलाश नेपाली, सञ्जालका पूर्वअध्यक्ष डम्बर साशंकर लगायतले दलितका शिक्षा र अन्याय पर्दाका वेलामा समेत सञ्जालले काम गर्नुपर्नेमा जोड दिए।

कार्यक्रम सञ्जालका अध्यक्ष ठाकुर बराइलीको सभापतित्व तथा सचिव प्रदीप गजमेरको सञ्चालनमा कनकाई-७ स्थित दलित सामुदायिक भवनमा सम्पन्न भएको थियो।

# द सिक्रेट अफ राधामा सौगात ड्राइभर, दयाहाङ डीएसपी

आगामी भदौ १० गतेलाई प्रदर्शन मिति तोकिएको सुवर्ण थापा निर्देशित फिल्म 'द सिक्रेट अफ राधा'को दुई नयाँ पोस्टर सार्वजनिक गरिएको छ।

एक पोष्टरमा फिल्मका प्रमुख कलाकारहरु सृष्टि श्रेष्ठ, सौगात मल्ल, दयाहाङ राई, मेनुका प्रधान, निश्चल बस्नेत, खगेन्द्र लामिछाने, बुद्धि तामाङ र दिव्य देव पन्तलाई देख्न सकिन्छ। सौगात ड्राइभर र दयाहाङ डिएसपीको चरित्रमा प्रस्तुत छन्।

त्यस्तै, दोस्रो पोस्टरमा सृष्टि श्रेष्ठ मात्र फिचर छिन्। एक सार्वजनिक गाडीमा सवार उनी निराश मुद्रामा देखिएकी छन्। फिल्ममा पुस्कर गुरुङ, पशुपति राई, लोकेन्द्र लेखक, राजन खतिवडालगायतका कलाकारहरुको पनि अभिनय छ। यो फिल्ममा बरिष्ठ रंगकर्मी सुनिल पोखरेलको 'गेस्ट अपिरियन्स' छ। फिल्मलाई सुवर्ण थापासँग मिलेर अभिनेता सौगात मल्लले निर्माण गरेका हुन्।

फिल्ममा निर्देशक थापाको कथा, नरेन्द्र मैनालीको छायांकन, निमेश श्रेष्ठको सम्पादन र गीतमा कालीप्रसाद बाँस्कोटाको संगीत छ। आदियोगी भिजन, महारानी इन्टरटेन्मेन्ट युके, मन्डला अनलाइन र एएमआइ फिल्मस्को प्रस्तुतिमा मन प्रोडक्सनको एसोसिएन निर्माण तथा विरजना इन्टरटेनमेन्ट र विक्रमदास जोशी सह-निर्माता रहेको यो फिल्म सुवर्णले आमाको सम्झनामा बनाएका हुन्।






## बिर्तामोडका ...

'शुरुमा कसैले प्रेरणा दिनुभयो, कसैले घृणा'- उनले भनिन्- 'घृणालाई पन्छाउँदै यो अवस्थामा आएका छौं।' संस्कृति संरक्षणमा आफूहरुको प्रयासलाई अहिले भने घरपरिवार र समाजले पनि राम्रो मान्न थालेको अध्यक्ष थपलिया बताउँछिन्।

समूहमा आवद्ध सबै महिला विवाहित छन्। एकै परिवारका आमा छोरी र सासू बुहारी पनि समूहमा छन्। हजुरआमादेखि नातिनी उमेर समूहका पनि छन्। १५ जनाको समूह छ। सबै जनालाई घरपरिवारको राम्रो सहयोग छ।

विवाह, ब्रतबन्ध, पुराणजस्ता विशेष कार्यक्रममा नौमती बाजा बजाउन झापा, मोरङ मात्र होइन, नारायणघाटसम्म पुगेको उनीहरुको अनुभव छ। उनीहरुले बाजा बजाएको ३० हजारसम्म लिने गरेका छन्। यसबाट ५ हजार समूहको कोषमा राख्ने गरेका छन्। अवस्था अनुसार कम शुल्क र कहीं निःशुल्क पनि बाजा बजाउने गरेको उनीहरुले बताए।

७१ वर्षीया विष्णुमाया घिमिरे समूहकी ज्येष्ठ सदस्य हुन्। 'पहिले बाजा समात्दा पनि जात जान्छ भन्थे'- विष्णुमायाले भनिन्- 'यी जातपातका कुरा नआउन् भनेर पनि बाजा बजाएका हौं, कसैलाई पनि छुवाछूत नहोस्, बाजा बजाउँदैमा अलग्गै हुनुपर्छ भन्ने नहोस्, सबै मानिस समान हुन्।' शुरूका दिनमा बाजा बजाउँदै हिँड्दा निकै समस्या परेको घिमिरेले बताइन्। 'बुढापाका र अग्रजहरुले देख्दा के भन्लान् कि भनेर बाजा लुकायौं पनि'- घिमिरेले भनिन्- 'अहिले त्यस्तो छैन, सबैले हौसला दिनुभएको छ।'

# बलात्कार आरोपमा बुबा पक्राउ

**कनकाई, असार ८।** झापाको कनकाईमा आफ्नै १२ वर्षीया छोरीलाई बलात्कार गरेको आरोपमा बुबा पक्राउ परेका छन्।

पक्राउ पर्नेमा कनकाई नगरपालिकामा-३ सुरुङ्गा बजारका ३७ वर्षीय पुरुष रहेका छन्। इलाका प्रहरी कार्यालय सुरुङ्गाले उनलाई घरबाटै पक्राउ गरेको हो।

पीडित बालिकाले दिएको किटानी जाहेरीको आधारमा उनलाई पक्राउ गरी म्याद थप गरेर अनुसन्धान थालिएको इलाका प्रहरी कार्यालय अनारमनीका डीएसपी रुगमबहादुर कुँवरले जानकारी दिए। आफ्नी आमा अर्कैसँग गएपछि ती बालिका बुबा र कान्छी आमासँग बस्दै आएकी थिइन्। बुबाले पटक-पटक करणीको प्रयास गरेपछि ती बालिकाले आफ्ना स्कुले साथीहरूसँग इलाका प्रहरी कार्यालय सुरुङ्गा आएर घटनाबारे जानकारी दिएकी थिइन्। ती व्यक्तिमाथि करणी उद्योगमा मुद्दा दायर गरिएको प्रहरीले जनाएको छ।

## दमकल ...

जिल्लामा कन्ट्रोल रुम, हरेक दमकलमा दुई चालक, पहाडी क्षेत्रमा साना दमकल, पानी भर्ने उचित व्यवस्था, कर्मचारीको स्थायी रोजगारी र तहगत दर्ज्यानी चिन्हसहित एउटै ढाँचाको पोशाकको व्यवस्था हुनुपर्ने माग गरिएको दमकल चालकले बताएका छन्।

## कल ...

सञ्चालन गरेको भन्ने सूचनाको आधारमा नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरो तथा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको संयुक्त टोलीले घर तलासी गर्दा कल वाइपासमा प्रयोग भएका विभिन्न सामानहरू फेला पारी उनलाई पक्राउ गरेको हो।

## जग्गा ...

निवेदन थन्किएका थिए।

गत २७ जेठमा मन्त्रालयले 'चार किल्ला खुलाएर कृषि क्षेत्र नतोकेसम्म जग्गा कारोबार नगर्न' राष्ट्रिय भूमि आयोग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग र नापी विभागलाई निर्देशन दिएको थियो। जसका कारण अघिल्लो सोमबारदेखि मालपोत कार्यालयले जग्गा रोक्का अस्वीकार गर्दा बैंकबाट ऋण प्रवाह ठप्प भएको थियो।

## बिर्तामोडका ...

निःशुल्क प्रदान गरेका थिए। लिम्बू र कन्दङ्वाले गिरी समक्ष बजारको प्रस्ताव ल्याएसँगै गोपालकुमार बस्नेत सहितले जग्गाको व्यवस्थापनका लागि पहल गरेका थिए। सो क्रममा निर्वासित जीवन बिताई रहेका रामवावु प्रसाईलाई शिलगढीमा भेटेर बुधवारे हाटका लागि जमिन व्यवस्थापन गरिएको थियो।

शुरुमा प्रसाईले हाल नेपाल बैंक (शनिश्चरे रोड) रहेको स्थानमा १० कट्ठा जमिन वुधवारे वजारका लागि उपलब्ध गराएका थिए। तर, तत्कालीन सीडीओ दानबहादुर शाही र भद्रपुर निवासी ओम सरावगीले वुधवारे वजारको विरोध गरेका थिए। भद्रपुर वजार खच्कने डरले वुधवारे वजारको विरोध जनाएपछि रामवावुले थप १३ कट्ठा जमिन उपलब्ध गराउँदै एक विगाह ३ कट्ठा जमिन हाल वुधवारे हटिया लाग्ने ठाउँमा उपलब्ध गराउँदै देवी हाट बुधवारे बजार नामकरण गरेका थिए।

बिर्तामोडमा २०२९ सालदेखि बुधवारे बजार लाग्दै आएको बजारका संस्थापक हर्कलाल गिरी बताउँछन्। जतिवेला उनी अनारमनीको वडा नम्वर ४ का सदस्य थिए। २०३९ सालमा अनारमनी गाउँ पञ्चायतको प्रधानपञ्चमा निर्वाचित भएसँगै गिरीकै पहलमा बुधवारे वजारलाई थप व्यवस्थित गर्दै लगेका थिए। सो समयमा रामवावुले गाउँ पञ्चायतका नाममा सो जमिन रजिष्ट्रेशन गरिदिएका थिए। उनी प्रधानपञ्च भएकै समयमा बिर्ताबजारमा ४२ र बिर्तामोडमा ६२ वटा टहरा निर्माण गरेका थिए।

देवी हाट वुधवारे बजारका रुपमा विकसित हुँदै गएको यो वजारमा २०४६ सालपछि अतिक्रमण शुरु भएको गिरी बताउँछन्। हाल बजारको एक विगाह तीन कट्ठा जमिनमध्ये दुई कट्ठा जमिन अतिक्रमण भएको उनको भनाइ छ। शुरुमा दैनिक भिटौरी कर उठाउँदै सञ्चालन गरिएको यो वजारलाई व्यवस्थित गर्न नगरले पनि खासै पहल नगर्नु र समयमै सुकुम्वासीको व्यवस्थापन गर्न नसक्दा अहिलेको परिणाम उत्पन्न भएको जानकारहरु बताउँछन्।

दाता परिवारले जमिन उपलब्ध गराउँदै दाताको सहमति विना जग्गाको किनवेच गर्न, सट्टापट्टा गर्न र अन्य प्रयोजनमा लगाउन पाइने छैन भन्ने श्रेष्तामा नै उल्लेख गरिएको गिरीको भनाइ छ।

समस्याको समाधानका लागि नगरपालिका र बिर्तामोड उद्योग वाणिज्य संघको सहकार्य हुन जरुरी रहेको हर्कलाल बताउँछन्। उनी भन्छन्- यो समस्या केही पनि होइन, यसको निराकरण सहज छ। तर, व्यवस्थापन गर्न जान्नुपर्छ। दाता परिवार, संस्थापकहरुलाई राखेर वार्ता र सम्वाद गरे क्षण भरमा नै यसको निकाश निस्कन्छ।

## किशोरीलाई ...

कलैया उपमहानगरपालिका-१ बाट डर त्रास देखाई अपहरण गरी भारतको लुधियानामा लगि बन्धक बनाई जबरजस्ती करणी तथा मानव वेचबिखन तथा ओसारपसार समेतको कसूर गरी फरार रहेको घटनामा संलग्नमध्ये अन्सारीलाई जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरीले कलैया उपमहानगरपालिका-५मा लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो।

उनलाई जिल्ला अदालत बारामा पेश गरिएकोमा अदालतको आदेश अनुसार मुद्दा पुर्पक्षको लागि कारागार कार्यालय वीरगञ्जमा पठाइएको छ।

## दुई करोड ...

जानकारी दिए। घिमिरेले विभिन्न १० व्यक्तिलाई आफ्नो रकम नभएको बैंक खाताबाट चेक काटी रु. दुई करोड ३२ लाख ४० हजार बराबरको बैंकिङ कसूर गरी फरार रहेका थिए। पक्राउ गरेर घिमिरेमाथि थप अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ।


**शिवसताक्षी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**व्याँङडाडा झापा प्रदेश नम्बर १ नेपाल**

**सँधियारका नाममा जारी गरिएको ७ दिने सूचना**

**साविक शिवगञ्ज गाविस वडा नम्बर ७ हाल शिवसताक्षी नगरपालिका वडा नम्वर ८ बस्ने श्री याङबाङ इन्भेष्टमेन्ट कम्पनी प्रालिले साविक शिवगञ्ज ७ को कित्ता नम्बर ४०६३ को ज.वि. ०-१-० मा मेरो नाममा दर्ता कायम रहेको र उक्त जग्गामा चार तले घर निर्माण नक्सा पास तथा निर्माण कार्य गर्न पाउँ भनी यस नगरको घर जग्गा नक्सा शाखामा निवेदन तथा घर नक्सा पेस गर्नुभएकोले यस अघि १५ दिने सूचना टाँस गरिएको र उक्त अवधिमा तपाई पश्चिमतर्फका दिलकुमार राई र दक्षिणतर्फका तपाईं विजय खरेल उपस्थित नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा (क)प्रयोजनका लागि उपस्थित हुन पुनः ७ दिने सूचना प्रकाशित गरिएको छ। समयभित्र अनुपस्थित भए स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम हुने व्यहोरा अनुरोध छ।**

**म:म, चाउमिन बनाउन जान्ने चाहियो**

**बिर्तामोडको एक खाजा घरमा म:म, चाउमिन बनाउन जान्ने एक जना दक्ष व्यक्ति चाहिएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।**

**मो. ९८१७९७८१७८**

**कपडा पसल बिक्रीमा**

**बिर्तामोड नगरपालिका-५ कृषिथोक रोडमा चालू अवस्थामा रहेको फेन्सी कपडा पसल तु-विक्रीमा छ।**

**मो. ९८४२६९५७८८**
**९८०४९६५०८५**

**सर्पदंश (सर्पको टोकाई) बाट बच्न ...**

- घर वरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरुको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरु टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठ्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्ने बेलामा ओच्छ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होशियारी अपनाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**जापानीज रेसीडेन्सकार्ड हरायो**

झापाको बुधबारेबाट बिर्तामोड जाने क्रममा मिति २०७९/०१/०३ गते मेरो निम्न व्यहोराको जापानिज रेसीडेन्स कार्ड हराएको हुँदा भेट्नु वा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछौं।

**नाम : विनुब न्यौपाने**
**रेसीडेन्स नं.** LD 19217699EC
**ठेगाना :** GUNMAKEN OTASHI SHINDOCHO 1249-1 SAN HIGHT HIRANO 1.3
**देशः जापान** **सम्पर्क नं. ९८२४०७८८९५**

**५ वर्ष पुरा भइ १२ वर्षमुनिका बालबालिकालाई कोभिड १९ विरुद्धको फाइजर खोप विद्यालयमा स्थापना गरिएको खोप केन्द्रबाट दिईदै**

पूर्ण खोप, सुरक्षित भविष्य

पहिलो चरण अन्तर्गत
झापा लगायत २७ जिल्लाका बालबालिकालाई असार ९ देखि १५ गतेसम्म पहिलो मात्रा र श्रावण २ देखि ८ गतेसम्म दोस्रो मात्रा खोप दिइँदै छ।

दोस्रो चरणमा बाँकी ५० जिल्लामा
भाद्र ५ देखि ११ गतेसम्म पहिलो मात्रा र भाद्र २७ देखि असोज १ सम्म दोस्रो मात्रा फाइजर खोप दिइनेछ।




**खोप निःशुल्क पाइन्छ** | **खोप सुरक्षित छ** | **खोपले जीवन रक्षा गर्छ**

खोप लगाउन जाँदा जनस्वास्थ्यका मापदण्डहरूको पालना गरौं
मास्क लगाऔं | भौतिक दुरी कायम गरौं | बेलाबेलामा सावुन पानीले हात धोऔं

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र**
टेकू, काठमाडौं


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२, ९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# निर्धनतातर्फको यात्रा

मानवीय आवश्यकतालाई अर्थशास्त्रले तीन भागमा वर्गीकरण गरेको छ । जस अनुसार अनिवार्य, आधारभूत र विलाशितापूर्ण आवश्यकता प्राथमिकता र अपरिहार्यताका आधारमा छुट्याइएको हो । यी मध्ये बाँच्नका लागि नभई नहुने हावा, पानी, अन्न अनिवार्य हुन् भने बाँचेपछि आवश्यक पर्ने शिक्षा, स्वास्थ्य, सञ्चार, पोशाक, घर लगायतका वस्तु आधारभूत आवश्यकता हुन् । यो भन्दा पनि पर अर्थात् मीठो खाना, राम्रो घर, गुणस्तरीय सेवा वा सौन्दर्य प्रशाधनका साधनहरु विलाशितापूर्ण वस्तु हुन् । यस अर्थमा मानिसले बाँच्न पाउनुपर्छ, बाँचेपछि सेवासुविधाको उपभोग गर्न र त्यसभन्दा माथि गुणस्तरीय सेवा वा आमोदप्रमोदका वस्तु उपयोगको पहुँचमा पुग्न पाउने चाहना क्रमशः बढ्दै जान्छ ।

लगातारको मूल्यवृद्धिले नेपालीको क्रयशक्ति घट्दै गएको छ । प्रत्येक उपभोग्य वस्तुको मूल्य 'दिन दुई गुणा–रात चौगुणा'का हिसाबले बढ्दै जाँदा क्रयशक्ति घट्ने त छँदैछ यसभन्दा अघि असफल राष्ट्रका लहरमा उभिनुपर्ने परिस्थिति बन्दै गएको छ । नेपाली जीवनसँग सर्वाधिक महत्व राख्ने इन्धनको मूल्यवृद्धिले समग्र बजार प्रभावित बनेको छ । गत आइतबार मात्रै नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गऱ्यो । गत वर्ष यही समय एक सय बाह्र रुपैयाँ प्रति लिटरमा पाइएको पेट्रोल अहिले एक सय उनान्सय पुगेको छ । अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यवृद्धिको प्रभाव भन्दै सरकारको पूर्ण स्वामित्वको आयाल निगमले अहिले पेट्रोलमा प्रति महिना झन्डै पौने पाँच अर्ब घाटा व्यहोरेको जनाएको छ । नेपालीको आर्थिक जीवनले नधान्ने गरी भएको मूल्यवृद्धिको मूल कारक सरकारद्वारा इन्धनमा लगाएको कर हो । पेट्रोलमा प्रतिलिटर ६५.६१ पैसा विभिन्न शीर्षकमा कर उठाउने सरकार त्यतातर्फ सचेत छैन ।

इन्धनको मूल्यवृद्धिको असर घरको भान्साकोठामा पुगेको छ । खाना पकाउने ग्यासदेखि खाद्यवस्तुको ओसारपसारको भाडा समेत वृद्धि हुँदा चुल्हो चिसै छाड्नुपर्ने परिस्थिति बनिएको छ । यस्तोमा सरकार भने आफूले लगाएको कर खारेज गरी उपभोक्तालाई राहत दिन तयार छैन । खाना पकाउने ग्यासमा भएको मूल्यवृद्धिलाई रोक्न वैकल्पिक ऊर्जाको उपयोग बढाउनेतर्फ गम्भीर नबनेको सरकार जनताको जीवनरक्षाप्रति जिम्मेवार देखिँदैन । इन्धनको मूल्यवृद्धिको असर यातायात हुँदै भान्सामै परिसकेको छ, यस्तो बेला पनि सरकार घाटाको अङ्क देखाउन तल्लीन छ । यस्तो स्थितिमा इन्धनमा पूर्णतः परनिर्भर नेपाली जीवन दक्षिण एसियाकै निर्धन मुलुक बन्ने निश्चित छ ।

रेलवे प्रभावित भन्छन्

# मुआब्जा दिन नसक्ने भए क्षतिपूर्तिसहित तत्काल जग्गा फुकुवा गरियोस्

**बिर्तामोड, असार ८।** प्रस्तावित पूर्व-पश्चिम विद्युतीय रेलमार्ग अन्तर्गत काँकरभिट्टा-इनरुवाखण्डका मुआब्जा प्रभावितहरुले सरकारले मुआब्जा दिन नसक्ने भए दुई वर्षदेखि रोक्का राखिएको घरजग्गाको क्षतिपूर्तिसहित तत्काल घरजग्गा फुकुवा गर्न माग गरेका छन् ।

विभिन्न पाँच सूत्रीय मागसहित प्रधानमन्त्री तथा मुख्य राजनीतिक दलका शीर्ष नेताहरुको ध्यानाकर्षण गराउँदै प्रभावितहरुको तर्फबाट रेलवे प्रभावित तथा मुआब्जा निर्धारण समन्वय समिति प्रदेश १ ले त्यस्तो माग अघि सारेको हो ।

समितिको टोलीले प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादव, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन लगायतलाई ज्ञापनपत्र बुझाई आफ्ना माग तत्काल पूरा गर्न आग्रह गरेका छन् ।

टोलीले रेल विभागका महानिर्देशक दीपकप्रसाद भट्टराई, भौतिक पूर्वाधार मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देल, प्राविधिक सल्लाहकार बलराम मिश्र, राप्रपा महामन्त्री धवलशम्शेर राणाको समेत समस्याबारे ध्यानाकर्षण गराएको छ ।

**कहिलेदेखि कति जग्गा रोक्का छ ?**

१२६.७५ किलोमिटर क्षेत्रमा नेपाल सरकारले २०७७ जेठ २४ गते झापा र जेठ २७ गते मोरङ र सुनसरीको जग्गा अधिग्रहण सम्बन्धी ३५ दिने सार्वजनिक सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरेको थियो ।

त्यसलगत्तै सार्वजनिक सूचनामा प्रकाशित कित्ता नम्बरलाई आधार मानेर सम्बन्धित जिल्ला मालपोत कार्यालयहरु मार्फत सर्म्पूण जग्गा रोक्का गरियो । रेलमार्गका लागि सरकारले तीन जिल्लाका मालपोत कार्यालय मार्फत हालसम्म झापाको दुई हजार चार सय ५७ कित्ता, मोरङमा एक हजार छ सय ३८ कित्ता र सुनसरीमा एक हजार तीन सय २९ कित्ता गरी



जम्मा पाँच हजार चार सय २४ कित्ता जग्गा रोक्का राखिएको छ ।

**हालको अवस्था यस्तो छ :**

प्रस्तावित पूर्व-पश्चिम विद्युतीय रेलमार्गका लागि रोक्का गरिएको घरजग्गामा अहिले रेलवे विभागले झापा र सुनसरीमा डिमार्केशनको काम सम्पन्न गरिसकेको छ भने मोरङ जिल्लामा डिमार्केशनको काम बाँकी छ । डिमार्केशन गरिएका जग्गामा कंक्रिट पिल्लर राख्ने काम समेत सम्पन्न भएको छ ।

जोतभोग र भोगचलन गर्दै आएको जग्गामा पिल्लरका कारण भोगचलन गर्न नै अप्ठ्यारो परेको छ । कतिपय भोगचलन गरिएको कित्ता नम्बर र सरकारले सूचनामा उल्लेख गरिएको कित्ताहरु फरक भएको र अझै पनि रेलमार्गमा पर्ने जग्गाका केही कित्ताहरु अध्यावधिक गर्न छुट हुन गएको छ । रेलवे प्रभावित क्षेत्रमा पर्ने जग्गाबाहेक सोही कित्ताका अन्य जग्गाहरु समेत अनावश्यक रुपमा रोक्का गरिएको छ ।

**जग्गा रोक्काको असर कस्तो छ ?**

दुई बर्षदेखि घर जग्गा रोक्का भएका कारण प्रभावितहरु आफ्नै सम्पत्तिमा बन्दक भएका छन् । जसका कारण जग्गाको किनबेच, अंशबण्डा, दाइजो बकस, स्वमित्व हस्तान्तरण, वित्तीय बैंकिङ कारोबारबाट रेलवे प्रभावितहरु पूर्णरुपमा वञ्चित छन् ।

पुस्तौंदेखि भोगचलन गर्दै आएको घरजग्गा एक्कासी रोक्का हुँदा मानसिक रुपमा पर्ने असर त छँदैछ, त्यसमाथि दैनिक जिविकोपार्जनका लागि गर्नुपर्ने व्यवहार ठप्प भएको छ भने परिवारको शिक्षा, स्वास्थ्य, बिहाबारी, काजकिरिया लगायतमा हुने ठूलो खर्च व्यवस्थापन गर्न समेत लामो समयदेखि घरजग्गा नै रोक्का भएका कारण थप समस्या भएको छ । रेलवे परियोजनाका कारण घरजग्गा रोक्का गरेपछि दैनिक व्यवहार नै सम्हाल्न नसक्दा प्रभावित परिवारका सदस्यले आत्महत्या समेत गरेको विकराल समस्या देखापरेको छ ।

**प्रभावितहरुका माग के–के हुन् ?**

१) प्रमुख जिल्ला अधिकारी नेतृत्वको मुआब्जा निर्धारण समितिले निर्धारण गरेको भनिएको जग्गाको मुआब्जाको दररेट तत्काल सार्वजनिक गरियोस् ।

२) चलनचल्तीको मूल्यको आधारमा रेलवे प्रभावित क्षेत्रका घरजग्गा, लिगलगापातको मुआब्जा चालू आर्थिक बर्ष (२०७८/०७९)मा वितरण गर्ने व्यवस्था मिलाइयोस् ।

३) रेलवे विभागले गर्नुपर्ने जग्गाको अध्यावधिक, डिमार्केशन र स्थायी पिल्लर राख्ने काम बाँकी भएका स्थानमा तत्काल सम्पन्न गरियोस् ।

४) नेपाल सरकारले तत्काल मुआब्जा वितरण गर्न नसक्ने भए दुई बर्षदेखि रेलवे परियोजनाका नाममा रोक्का राखिएका जग्गाको उचित क्षतिपूर्तीसहित तत्काल पूर्णरुपमा फुकुवा गरी पूर्ववत् अवस्थामा रहने व्यवस्था मिलाइयोस् ।

५) रेलवे प्रवाभितहरुको उचित मागलाई यथाशिघ्र सम्बोधन गर्न राष्ट्रिय दलका शीर्षस्थ नेतृत्वबाट सकरात्मक पहल गरी सरकारलाई दबाब दिन आग्रह गर्दछौं ।

**प्रतिनिधि मण्डल**

समितिको तर्फबाट अध्यक्ष डा. लक्ष्मीप्रसाद मैनालीको नेतृत्वमा आठ सदस्यीय प्रतिनिधि मण्डल समस्या समाधानको पहलका लागि काठमाडौं गएको थियो । गत असार १ देखि ४ गतेसम्म टोलीले सरकारसहित मुख्य राजनीतिक दलको ध्यानाकर्षण गराएको हो ।

टोलीमा उपाध्यक्ष सुशिल साह, रमेश दाहाल र ओमकृष्ण विमली, महासचिव रञ्जीत प्रसाई, सचिव ज्ञानेन्द्र निरौला, सदस्य विश्वराज न्यौपाने र राजन शर्मा सहभागी थिए । समस्या समाधानका लागि संवाद समूहको संयोजनमा भएको सरोकारवालाहरु बीचको बैठकको निष्कर्ष र निर्णय बमोजिम उक्त टोलीले सरकारसहित मुख्य राजनीतिक दलहरु समक्ष ज्ञापनपत्र बुझाएर ध्यानाकर्षण गराएको हो ।

# बुधबारे हटियाको समस्या समाधान गर्न कार्यदल



**बिर्तामोड, असार ८।** बिर्तामोड नगरपालिकाले वडा नम्बर ५ मा रहेको बुधबारे हटिया बजारका बारेमा उत्पन्न समस्या समाधानको लागि कार्यदल गठन गरेको छ ।

कार्यपालिका बैठकले कार्यदल र सल्लाहकार समिति गठन गरेको हो । नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाको संयोजकत्वमा गठित कार्यदलमा वडा नम्बर ५ का वडाध्यक्ष रोहित प्रसाई र पूर्व जनप्रतिनिधि गोपीचन्द्र गिरी सदस्य रहेका छन् ।

त्यस्तै सल्लाहकार समितिमा पूर्व अनारमनी गाविस अध्यक्ष हर्कलाल गिरीको संयोजकत्वमा पूर्व अनारमनि गाविस उपाध्यक्ष लोकवन्धु कन्दङ्वा र वडा नम्बर ५ का पूर्व वडाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन सदस्य रहने गरी समिति गठन गरिएको छ । समितिले एक महिनाभित्रमा प्रतिवेदन बुझाउने गरी निर्णय गरेको छ ।

त्यस्तै कार्यपालिकाको बैठकले राजश्व परामर्श समिति गठन गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम समिति गठन गरेको हो । नगर उपप्रमुख संग्रौलाको संयोजकत्वमा गठित यस समितिमा वडाध्यक्ष अग्निप्रसाद पाण्डे, रोहित प्रसाई र कार्यपालिका सदस्य सीता ढुङ्गाना विश्वकर्मा सदस्य रहेका छन् ।

बैठकले विभिन्न छ वटा विषयगत समिति समेत गठन गरेको छ । जसमा पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, सामाजिक विकास समिति, विधेयक समिति र सार्वजनिक सेवा तथा क्षमता विकास समिति रहेका छन् ।

पूर्वाधार विकास समितिको संयोजकमा कार्यपालिका सदस्य जगतबहादुर राजवंशी र सदस्यहरुमा वडाध्यक्ष अजय कार्की, किशोर पौडेल रहेका छन् । त्यस्तै आर्थिक विकास समितिको संयोजकमा कार्यपालिका सदस्य संगीता शिवा र सदस्यहरुमा वडाध्यक्ष राहुल शर्मा, कार्यपालिका सदस्य सीता ढुङ्गाना विश्वकर्मा चयन भएका छन् । त्यस्तै वडाध्यक्ष दुर्योधन गुरुङ्को संयोजकत्वमा वातावरण तथा विपद् व्यवस्थापन समिति गठन गरिएको छ । यस समितिको सदस्यहरुमा वडाध्यक्ष रोहित प्रसाई र कृष्णप्रसाद खरेल रहेका छन् ।

त्यस्तै कार्यापालिका सदस्य यमुना आचार्यको संयोजकत्वमा सामाजिक विकास समिति गठन गरीएको छ । यस समितिको सदस्यहरुमा कार्यपालिका सदस्य तीला गौतम र निर्मला सुनार रहेका छन् । त्यस्तै विधेयक समितिको संयोजकमा शर्मिला राजवंशी र सदस्यहरुमा वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा, मदन बुढाथोकी रहेका छन् ।

त्यसैगरी सार्वजनिक सेवा तथा क्षमता विकास समितिको संयोजकमा कार्यपालिका सदस्य लक्षिमा खतिवडा र सदस्यमा वडाध्यक्ष हरिप्रसाद चौलागाई, निर्मला सुनार चयन भएका छन् । बैठकले बिर्तामोडको मुक्तिचोक र दक्षिण भद्रपुर सडकखण्डको ग्रीनवेल्ट एरियाको सरसफाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत अमानतबाट सञ्चालन गर्ने पनि निर्णय गरेको जनाइएको छ ।

# चोरीका बढेपछि वाणिज्य संघले थाल्यो सुरक्षा अन्तक्रिया



**सुरुङ्गा, असार ८।** सुरुङ्गा बजार क्षेत्रमा दिनदहाडै सहकारी बैंक फोरिन थालेपछि कनकाई उद्योग वाणिज्य संघले सुरक्षा अन्तरक्रिया थालेको छ ।

व्यापारी व्यावसायी र सरोकारवालाहरु समक्ष सुरक्षा सम्बन्धी अन्तरक्रिया थालिएको हो । कनकाई उद्योग वाणिज्य संघका अध्यक्ष तुलसी विमलीको सभापतित्वमा सम्पन्न भएको अन्तक्रियामा कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले कनकाई क्षेत्रको बढ्दो सुरक्षा चुनौतिको समाधानका लागि आफूले सक्दो पहल गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी प्रमुख रुगमबहादुर कुँवर, कनकाई नगरपालिका-३ का वडाध्यक्ष युवराज चम्लगाँई, उद्योग वाणिज्य संघ प्रदेशका सदस्य कुमारमणि पोखरेल लगायातका साथमा यस क्षेत्रका राजनीतिक दलका प्रतिनिधि एवम् अध्यक्ष, उद्योगी व्यापारी, बैंक तथा वित्तीय संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

अन्तक्रियाबाट यस क्षेत्रमा रात्रीकालीन चौकीदार थप्ने, सीसी टिभी र हरेक पसल तथा व्यापार-व्यावसाय गर्नेले अनिवार्य रुपमा पसल र घर अगाडि उज्यालो बत्ती बाल्ने लगायातका निर्णय भएको कनकाई उद्योग वाणिज्य संघका महासचिव सरोज सिटौलाले जानकारी दिए ।

यसअघि सुरुङ्गा बजार क्षेत्रमा केही दिनकै फरकमा सुभेक्षार भगवती बचत तथा ऋण सहकारी फोरिएको थियो ।

# आधारभूत सहकारी सचेतना तालिम



**अर्जुनधारा, असार ८।** नगर सामाजिक विकास शाखाको आयोजनामा दुई दिवसीय आधारभूत सहकारी सचेतना तालिम झापाको अर्जुनधारामा बुधबारदेखि शुरु भएको छ ।

अर्जुनधारा नगरपालिका कार्य क्षेत्र भई सञ्चालनरत् सहकारी संस्थाका शेयर सदस्यहरुलाई लक्षित गरी अर्जुनधारा-८ स्थित सामुदायिक भवनमा आयोजित उक्त तालिमको नगर उपप्रमुख खड्गमाया पराजुलीले उद्घाटन गरेकी थिइन् ।साना किसान विकास बैंक इलाका कार्यालय बिर्तामोडका प्रबन्धक सुवास गौतम र कर्मचारी द्रोणराज घिमिरे प्रशिक्षक रहेको उक्त तालिममा ५० जना बढी प्रशिक्षार्थीको सहभागिता रहेको शाखा प्रमुख राजविक्रम खड्काले जानकारी दिए ।

तालिममा सहकारीको पृष्ठभूमि, उद्देश्य तथा आवश्यकता, सहकारीका सिद्धान्त तथा मूल्य-मान्यता, सहकारी संस्था सञ्चालनका नीतिगत तथा कानूनी पक्ष, सदस्य वित्तीय साक्षरता लगायत विषयवस्तु बारे सहभागीहरुलाई जानकारी गराइने बताइएको छ ।

सामाजिक विकास समितिका संयोजक एवम् नगर कार्यपालिका सदस्य कौशीलाल परियार 'भोला'ले स्वागत गरेको कार्यक्रममा अर्जुनधारा-८ वडाका अध्यक्ष कुमारप्रसाद उप्रेतीले बोलेका थिए । कार्यक्रमको सञ्चालन शाखा प्रमुख खड्काले गरेका थिए ।

# इनर ह्वील क्लवद्वारा शैक्षिक सामग्री वितरण



**भद्रपुर, असार ८।** सामाजिक संस्था इनर ह्वील क्लव अफ भद्रपुरले विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरेको छ ।

महिलाद्वारा सञ्चालित इनर ह्वील क्लवले भद्रपुर ७ स्थित भृकुटी प्राविका विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरेको हो । क्लवले विद्यालयमा एक संक्षिप्त कार्यक्रमको आयोजना गरी विद्यालयमा अध्ययनरत् बाल कक्षादेखि ५ सम्मका ८० जना विद्यार्थीहरूलाई कापी, पेन्सिल, रेजर लगायतको सामग्री वितरण गरेको क्लवकी कार्यकारी सदस्य लिना राई (श्रेष्ठ)ले जानकारी दिइन् ।

क्लवकी अध्यक्ष कुसुम अधिकारी ( पराजुली), उपाध्यक्ष निर्मला निरौला, कोषाध्यक्ष शारदा पराजुली, सदस्यहरू जानकी पोखरेल, अमृता पराजुलीसहितको टोलीले सो सामग्री वितरण गरेका हुन् ।

सामाजिक क्षेत्रमा क्रियाशील क्लवले यसअघि नगर क्षेत्रमा महिनावारी सचेतना तथा स्यानिटरी प्याड वितरण, विपन्न परिवारलाई न्यानो लुगा र जुत्ता वितरण समेत वितरण गरिसकेको जनाइएको छ ।

# अर्जुनधारालाई सञ्चारमैत्री पालिका बनाउने प्रतिबद्धता





**अर्जुनधारा, असार ८।** अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेव गोम्देनले सञ्चारमैत्री पालिका बनाउने प्रतिबद्धता जनाएका छन् ।

नेपाल पत्रकार महासंघ झापाले नवनिर्वाचित प्रमुख, उपप्रमुखका लागि उक्त पालिका कार्यालयमा गरेको बधाई तथा शुभकामना ज्ञापन कार्यक्रममा बोल्दै प्रमुख गोम्देनले सो कुरा बताएका हुन् । उनले पालिकाका राम्रो काममा खुलेर सहयोग गर्न र कमजोरी भए खबरदारी गर्न पत्रकारहरुलाई आग्रह गरे ।

'काम गर्दै जाँदा कमजोरी हुन सक्छ, अन्जानमा भएको रहेछ भने एकपटक फोन गरेर सोधी दिनुहोला, जानी-जानी कमजोरी गरेको भेटिए सशक्त खबरदारी गरिदिनुहोला'- गोम्देनले भने- 'हामी सुशासनयुक्त उत्कृष्ट पालिका बनाउने योजनामा छौं ।' गोम्देनले पत्रकार महासंघ झापाको भवन निर्माणलाई पूर्णता प्रदान गर्न अर्जुनधारा नगरपालिकाबाट यस वर्ष महत्वपूर्ण सहयोग रहने प्रतिबद्धता जनाए ।

नगर उपप्रमुख खड्गमाया पराजुलीले महासंघप्रति धन्यवाद दिँदै महासंघसहित सञ्चार क्षेत्रसँग सहकार्य र समन्वय गरेर अघि बढ्ने बताइन् ।

प्रमुख प्रशासकीय अधिकृत गीताकुमारी राईको समेत कार्यक्रममा सहभागिता थियो । कार्यक्रममा महासंघको तर्फबाट अध्यक्ष एकराज गिरी, उपाध्यक्ष केशव भट्टराई, कोषाध्यक्ष रञ्जित प्रसाई लगायतको टीमले बधाई तथा शुभकामना ज्ञापन गरेको थियो ।

कार्यक्रममा महासंघका राष्ट्रिय परिषद् सदस्य दिपीन राई, महासंघ झापाका कार्यसमिति सदस्यहरु होमप्रकाश अधिकारी, विनोद पाण्डे, राजन साम्पाङ, पत्रकारहरु रमेश समदर्शी, अमित खम्बू, पूर्वाञ्चल दैनिकका व्यवस्थापक चन्द्रकान्त ढकाल लगायतको सहभागिता रहेको थियो ।

# वीपी पुष्पलाल वाटिकामा आन्तरिक पर्यटकको चहलपहल

□ लक्ष्मी उप्रेती



**मेचीनगर, असार ८।** वीपी पुष्पलाल बाटिका परिसरमा नेपाल कम्युनिष्ट पार्टीको संस्थापक नेता पुष्पलाल श्रेष्ठ र नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री तथा नेपाली र हिन्दी भाषाका साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको पूर्णकदको शालिक र गेट स्थापना भएपछि आन्तरिक पर्यटकको चहलपहल बढेको छ ।

वीपी पुष्पलाल बाटिक शहीद स्मृति प्रतिष्ठानले वीपी पुष्पलाल वाटिका परिसरमा वीपी पुष्पलाल बाटिका शहीद स्मृति प्रतिष्ठानले प्रवेशद्वार र परिसरमा गेट तथा दुईजना नेताको शालिक एकै ठाउँमा निर्माण गरेको हो ।

मेचीनगरको प्रमुख व्यापारिक शहर काँकरभिट्टामा रहेको वीपी पुष्पलाल वाटिका परिसरमा प्रदेश, स्थानीय र वडा सरकारले समन्वय गर्दै आकर्षक वाटिका निर्माण गरेपछि गुलजार बनेको हो । वाटिकाको संरक्षण गर्दै पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न १ नम्बर प्रदेश, मेचीनगर नगरपालिका र ६ नम्बर वडा कार्यालयको करिब ६८ लाख रुपैयाँ लागतमा वाटिकाभित्र विभिन्न प्रकारका संरचना, बगैंचा, बस्ने स्थानसहित दुईजना नेताको पूर्णकदको शालिक निर्माण गरेको प्रतिष्ठानका सचिव नरेन्द्रप्रकाश सिटौलाको भनाइ छ ।

प्रतिष्ठान परिसरमा विभिन्न प्रकारका पंक्षीहरु समेत छन् । ती पंक्षीले समेत आन्तरिक पर्यटकको मन लोभ्याउने तथा काँकरभिट्टा हुँदै पश्चिम नेपालका विभिन्न स्थानसम्म जाने यात्रुहरु समय बिताउन पनि दिनभरजसो यही वाटिका आउने र घुम्ने गरेको सचिव सिटौलाको भनाइ छ ।

विक्रम सम्वत् १९७१ साल भाद्र २४ गते जन्मिएका विश्वेश्वरप्रसाद कोइराला को निधन २०३९ साउन ६ गते भएको थियो । त्यसैगरी पुष्पलालको जन्म विक्रम सम्वत् १९८१ असार १५ गते पूर्व २ नं. रामेछाप जिल्लामा पिता भक्तलाल र माता तुलसीकुमारीको माहिला छोराका रूपमा भएको थियो । पुष्पलालको निधन ७ साउन २०३५ सालमा भारतमै भयो । आगामी साउन ६ गते कोइराला तथा ७ गते श्रेष्ठको स्मृति दिवसका अवसरमा दुवै शालिक अनावरण गरिने योजना रहेको छ ।

मेचीनगर वडा नं.६ को कार्यालयसँगै रहेको वाटिका परिसरमा थप अन्य संरचना बन्न थालेपछि आन्तरिक पर्यटकको चाप ह्वात्तै बढेको उनको भनाइ छ । पहिले हिँड्न डर लाग्ने यो क्षेत्रमा अहिले सार्वजनिक बिदाका दिन दुईदेखि तीन सय र अन्य बेला सयको हाराहारीमा आगन्तुक देखिन थालेको प्रतिष्ठानले जनाएको छ ।

# भलिबल संघ इलामको नेतृत्व चयन




**इलाम, असार ८।** इलाम, जिल्ला भलिबल संघ, इलामको दोस्रो जिल्ला अधिवेशनबाट प्रविन गुरुङको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गर्दै सम्पन्न भएको छ ।

इलाम नगरपालिकाका मेयर केदार थापाको प्रमुख आतिथ्यमा जिल्ला समन्वय समिति इलामको हलमा सम्पन्न अधिवेशनवाट जिल्ला समितिको उपाध्यक्षद्वयमा प्रविन राई र प्रकाश दुलाल, महासचिवमा राजिव कडरिया र कोषाध्यक्षमा विपना कार्की चयन भएका छन् । त्यस्तै सदस्यहरुमा राजकुमार खाती, योगेन्द्र सुवेदी, गणेश खतिवडा, सागर घिमिरे, अशोक तिम्सिना र सिताराम बस्नेत चयन भएका हुन् । त्यस्तै आगामी असार १० गते हुने प्रदेश भलिबल संघ अधिवेशन प्रतिनिधिका लागि राजकुमार खाती र योगेन्द्र सुवेदीलाई पठाएको बताइएको छ ।

निवर्तमान उपाध्यक्ष राजकुमार खातीको अध्यक्षता, प्रमुख थापाको प्रमुख आतिथ्यमा सम्पन्न अधिवेशनमा केन्द्रिय सचिव मदन खड्का, प्रदेश नं. १ का महासचिव लेखनाथ शर्मा, इलाम नगर प्रवक्ता नुतनदेव दुलाल, इलाम वडा नं. ८ वडाध्यक्ष दलमान तामाङ लगायतको सहभागिता रहेको थियो ।

## ब्राउनसुगरसहित एकजना पक्राउ

**बिर्तामोड, असार ८।** बिर्तामोड-२ चारपानेबाट ब्राउनसुगरसहित एक जना पक्राउ परेका छन् । पक्राउपर्नेमा बुद्दशान्ती-४ का ३१ बर्षीय चन्द्रबहादुर लिम्बू रहेको प्रहरीले जनाएको छ । लिम्बूको साथबाट ३४ ग्राम ब्राउनसुगर बरामद गरेको प्रहरीले जनाएको छ ।


## राहदानी हरायो

सुरुङ्गाबाट बिर्तामोड जाने क्रममा यही मिति २०७९।०२।०२ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- राजु पोखरेल
**ठेगाना**:- कनकाई नपा-४, झापा
**राहदानी नं.**:- ०६०३९४२४
मोबाइल नं. :- ९८२३२८२३६३

## स्कार्पियो भाडामा

नेपालको जुनसुकै ठाउँमा जानको लागि सुविधायुक्त स्कार्पियो चाहिएमा हामीलाई सम्झनुहोस् ।

**मो. ९७४९२४३५७०, ९८१५००६०१२**

## तु-आवश्यकता

**कपाल काट्न जान्ने-** २ जना
सेवा: ५०-५० प्रतिशत (बस्न र खाजाको सुविधा ।)
**यदि तलबमा बस्न चाहेमा:** २२०००।- साथै बस्नेत फेस हाउसलाई खसी काट्न, बेच्न सक्ने २ जना कर्मचारी आवश्यकता ।
**तलब:** १२,०००देखि २५०००सम्म
खाना/बस्न/नास्ता तथा ड्रेसको पनि व्यवस्था छ ।
**सम्पर्क: ९८०३४०१९७०**

## आवश्यकता

महिला तथा पुरुष सेक्युरिटी गार्ड
**संख्या : ३३ जना**
**सम्पर्क :**
इन्टर सर्भ सेक्युरिटी ग्रुप प्रा.लि.
प्रधान कार्यालय बिर्तामोड
फोन नं. : ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
# मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| बृखबहादुर तामाङ | घेराबारी-६ | ११६१ | ४९१५.०० | मघुलाल राजवंशी |
| रेगा टुडू | तोपगाछी-९ | ३७४१ | ०-९-७ | छोटो सतार/छोटो सतार सोरेन/छोटो हस्दा सतार |
| | | ३७३६ | ०-१६-० | छोटो सतार/छोटो सतार सोरेन/छोटो हस्दा सतार |
| रेगा टुडू | तोपगाछी-९ | ३७३९ | ०-१२-० | कविराज वास्के सतार/कविराज सतार |
| विनोद शाक्य समेत | राजगढ-४ | ३६७५ | ५४१८.०० | सुफल सतार/वस्ता वाहु बड्का सतार |
| पर्वतलाल राजवंशी | पथरिया-४ | ९७३ | १६९३.१५ | डेमदा राजवंशी/डेम्दा राजवंशी |
| दिनेश पोखरेल | राजगढ-४ | ३६७६ | ६८५.०० | सुफल सतार/हस्त वाहु बड्का सतार |
| हेमकुमारी राजवंशी | पथरिया-४ | ११०२ | ५२३.८२ | डेमदा राजवंशी |
| | | ११०३ | १८८.०३ | डेमदा राजवंशी |
| | | ११०५ | ६९२३.२३ | डेमदा राजवंशी |
| नन्दप्रसाद खरेल | राजगढ-६ | २९१० | ३९३६.९६ | शेषलाल राजवंशी |
| भोटलाल राजवंशी | राजगढ-४ | १८३७ | २९६१.५८ | अन्तलाल राजवंशी |
| रामनाथ राजवंशी | राजगढ-१ | ३००१ | ४८५५.२० | पेल्का गिर/पेल्का गिरी |
| रामनाथ राजवंशी | राजगढ-२ | २६१७ | २१२९.०० | प्रेतु गिरी/पेरतु गिर |
| रामनाथ राजवंशी | राजगढ-२ | २६१६ | २६७६.०० | प्रेतु गिरी/पेरतु गिर |
| रामनाथ राजवंशी | राजगढ-२ | २०३७ | १४१७.०० | प्रेतु गिरी/पेरतु गिर |
| राजन गिरी | राजगढ-६ | १२१६ | ३४०.०० | सोमाई मुर्मु सतार |
| सनमान कार्की | राजगढ-६ | ४८२८ | २७०.१० | होवना सतार |
| रामनाथ राजवंशी | राजगड-१ | २९९८ | ७४९.०० | प्रेतु गिरी/पेरतु गिर |


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई


झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



**सम्पर्क :**
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

## अब पानीटंकीमा

चार चक्के सानो गाडी डेन्टीङ्ग, पेन्टीङ साथै इञ्जीन मर्मत सस्तो र भरपर्दो सेवा
**MAMA BHANJA GARAGE**
न्यू मार्केट मारुती सुजुकी बस स्टेण्ड पानीटंकी भारत
chanchal :
+91 9775379436, +977 9808612158
Partho
+91 9641135590, +977 9816989225



## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा


- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



**नारायणप्रसाद बाँस्तोला**
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## होम डेकोर

**AAROHI**
INTERNATIONAL PAINTING & DEVORATIVE PVT. LTD.
HOME DECOR
Interior Homes Decoration Gypsum Cornice



यहाँ सम्पूर्ण कलरबाट गर्ने डिजाइनहरु Arts, 3D Wall Painting, Wall Sticker र Wall Paper अनि तपाईहरुले चाहे जस्तै घरका सम्पूर्ण Painting को काम सुपथ मूल्यमा गरिन्छ । यहाँ घर, पसल, मार्केटहरुमा सम्पूर्ण कलहरुबाट डिजाइन गरिन्छ ।
प्रोप्राइटर : **रोशन बानियाँ**
पश्चिम बस स्टेण्ड बिर्तामोड, झापा (फोन नं. ९८१८९५४९१३)
*नोट : यहाँ कलर पाउनका साथै घर निर्माण पनि गरिन्छ ।*

## धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस
# हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240





# लामखुट्टेको लार्भा नष्ट गर्ने बारे सूचना

बिर्तामोड नगरपालिका क्षेत्रभित्र डेंगु लगायत किटजन्य रोगहरुको नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियान असार ४ गते शनिबारदेखि सुरु भएको हुनाले खटी आउनुहुने विषादी छर्किने प्राविधिकहरुलाई आवश्यक सहयोग गरिदिनु हुन सम्पूर्ण नगरबासीमा अनुरोध छ ।

## विषादी छर्किने मिति तथा स्थान

| मिति | वडा नम्बर |
|---|---|
| असार ४ र ५ गते | १ |
| असार ६ र ७ गते | ५ |
| असार ८ र ९ गते | ३ |
| असार १० र ११ गते | ४ |
| असार १२ गते | २ |
| असार १३ गते | ६ |
| असार १४ गते | ७ |
| असार १५ गते | ८ |
| असार १६ गते | ९ |
| असार १७ गते | १० |

## विषादि छर्किएपछि ध्यान दिनुपर्ने कुरा

- विषादि छर्किएको ठाउँमा रहेका फलफूल तथा तरकारी ७ दिनसम्म प्रयोग गर्न नहुने र त्यसपछि पनि १४ दिनसम्म काँचै खान नमिल्ने, राम्रोसँग पकाएर मात्रै खानुपर्ने ।


नोट : एकपटक छर्किएको विषादीले ३ महिनासम्म प्रभावकारी रुपमा काम गर्नेछ ।

स्वास्थ्य शाखा
**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बिर्ताबजार, झापा


## नेपालीहरुको लागि भरपर्दो सेवा
# निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पाट्र्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
*नोटः यहाँ ब्याट्रीबाट चल्ने मोटरसाइकल पनि पाइन्छ ।*




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** धार्मिक यात्रा हुनेछ, आजको यो समयमा साथीभाइको पूर्ण सहयोग पाइनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** मुखमा चोटपटकको सम्भावना छ, लामो यात्रा नगर्नुहोला, पारिवारिक सहयोग मिल्ने छैन, मनमा खिन्नता पैदा हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आजको दिन फलदायी छ, चिठ्ठा, उपहार प्राप्तिको योग छ, छोटो दूरीको भए पनि रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाइँको आजको दिनमा रोकिएको काममा सफलता मिल्नेछ, समय उत्तमसिद्धी रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुने देखिएको छ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** समय शुभ फलदायी रहेको छ, मान प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** अकस्मात लामो दूरीको यात्रा हुनेछ भने भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।